प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर
नेपाल

पत्र संख्या: ०७७/७८
मितिः २०७७/०४/२५

चलानी नं. ८४

विषय : कृषि विकास निर्देशनालय बाट प्रकाशित सूचनाको जानकारी सम्वन्धमा ।

श्री स्थानिय निकायहरु,
बागमती प्रदेश ।

उपरोक्त सम्बन्धमा यही मिति २०७७/०४/२५ गतेको कान्तिपुर पत्रिकामा प्रकाशित यसै पत्र साथ संलग्न कृषि विकास कार्यक्रम अन्तरगत सिंचित क्षेत्र विस्तारकालागि मागमा आधारीत लिफ्ट सिंचाई कार्यक्रममा सहभागी हुन आह्वान गरिएको सूचना तहाँ कार्यालयका सेवाग्राही साथै सर्वसाधरण जनता समक्ष सहज रुपमा पुर्याउनका लागि प्रचार प्रसार गरी तथा तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सहयोग गरिदिनु हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

श्री कृषि शाखा
कार्यालयको सूचना पाटी, वेबसाईट तथा वडा कार्यालयमा समेत टाँस गर्ने व्यवस्था मिलाउनु।
२०७७।४।२८

रविन्द्र वहादुर प्रधान
(प्रमुख)

बोधार्थः
श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

कालिका गाउँपालिका
द.नं. ५२
मिति २०७७।४।२८

कान्तिपुर | आइतबार, २५ साउन, २०७७ (Sunday, August 9, 2020)

# प्रस्ताव आव्हानको सूचना

प्रथमपटक प्रकाशित मिति: २०७७।४।२५

यस कृषि विकास निर्देशनालय बागमती प्रदेश, हेटौंडाको आ.व. २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम (अधिकतम २० लाख लागतको ३८ वटा संख्या) अनुसार सिंचित क्षेत्र विस्तारका लागि मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार लिफ्ट सिंचाइ कार्यक्रम निर्माण तथा सञ्चालन गर्न इच्छुक यस प्रदेशका कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि फार्म, कम्पनी, स्थानीय उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन (मिति: २०७७।५।२३ गते) सम्ममा अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालय समयभित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजातसहित निवेदन साथ प्रस्ताव निर्देशनालय वा सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै, रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपशिल

१) रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन,

२) आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र सस्थाको हकमा सस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

३) सस्थाको बैठकको निर्णयको प्रतिलिपि,

४) सस्थाको हकमा स्थायी लेखा नम्बर(PAN) दर्ता नविकरण प्रमाणित प्रतिलीपि,

५) अनुसूची-२ अनुसारको आवेदन फाराम ।

**पुनश्च:** मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, कृषि विकास निर्देशनालयको वेवसाइट doad.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।